**"श्रमबाट समृद्धि समृद्धिवाट सुख"**

**"सुलभ कर्जा, युवालाई स्वरोजगार उत्पादनशील लगानी बिकासको आधार"**

**"विदेश होइन, स्वदेशमैं श्रम गरौं समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानमा सहभागि बनौं"**

**नेपाल सरकार**
**युवा तथा खेलकुद मन्त्रालय**

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष

## प्रेश विज्ञप्ती

### १. परिचय

स्थानीय श्रोत साधनको समुचित प्रयोग हुने गरी मूलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशिलताको विकास मार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न विभिन्न कार्यक्रम  घोषणा गरी सञ्चालनमा ल्याएको छ । मुलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार, सास्कृतिक रुपमा जागरुक एवं सिर्जनशील बनाई स्वरोजगार कार्यक्रमहरुमा उनीहरूको सहज पहुँच, प्रयोग र श्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई स्वरोजगार /रोजगार सिर्जनाका कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कोषका नियमित तथा थप कार्यक्रम र क्रियाकलापहरू संचालित भइरहेका छन् ।

### २. उद्देश्य

आर्थिक रुपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी एवं युवाहरु तथा परम्परागत सीप भएका जात जातिहरुलाई व्यवसायिक खेती, पशुपंक्षीपालन, कृषिजन्य उद्योग वा सेवामुलक स्वरोजगार कार्यकम संचालन गर्न सहुलीयत ब्याजदरमा प्रति व्यक्ति रु. दुई लाखसम्म आवधिक ऋण उपलब्ध गराई तिनीहरुको आय आर्जनमा बृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मूख्य उद्देश्य रहेको छ । कोषको अन्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

- रिक्सा, अटोरिक्सा, ठेलागाडा व्यवसाय, दूधजन्य  व्यवसाय, प्लम्बिङ, इलोक्ट्रोनिक्स तथा इेक्ट्रिकल, साना तथा घरेलु व्यवसाय, सिकर्मी तथा डकर्मी, रङ्ग रोगन, सिल्पकार, खुद्रा तथा किराना पसल सञ्चालन जस्ता स्वदेशी श्रम, सीप, ज्ञान एवम् सानो पूँजीबाट सञ्चालन गर्न सकिने स्वरोजगार कार्यमा ऋण उपलब्ध गराउने ।
- स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने बस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने ।
- एक गाँउ एक उत्पादन र एक परिवार एक रोजगार जस्ता परियोजनामा लगानी गर्ने ।
- मूल्य श्रृंखला भएका व्यवसायहरुलाई प्राथमिकता दिने ।
- व्यवसायिक कृषि, पशुपंक्षी पालन, माछापालन, वन, खानी तथा कृषिजन्य उद्योग र बहुमुल्य पत्थर उद्योग लगायतका उच्च प्राथमिकतामा राख्ने ।
- युवा व्यवसायीलाई स्वदेशमा नै साना तथा घरेलु व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्दै स्वरोजगारका अवसरहरु स्वदेशमा नैं सिर्जना गर्दै आय आर्जनका लागि क्षमता अभिवृद्धि गर्ने एवम् गरिबी निवारण गर्ने, राष्ट्रिय लक्ष्यमा योगदान पुर्‍याउने ।

### ३. ऋण उपलब्ध हुने व्यवसायहरु

- व्यवसायिक खेती तथा पशुपंक्षीपालन,  दुधजन्य व्यवसाय, माछापालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य व्यापार व्यवसाय,
- शहर र बजार क्षेत्रमा रिक्सा, विद्युतीय रिक्सा, ठेलागाडा सञ्चालन लगायतका सेवामुलक स्वरोजगार व्यवसाय,

- परम्परागत सीपसँग सम्बन्धित व्यवसाय,
- घर वास (Home Stay),ऱ्याफ्टीङसम्बन्धी व्यावसाय,
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने अन्य उद्योग व्यवसाय  आदि ।

## ४. ऋण लिने प्रकृया

- कोषले तयार गरेको आशय पत्रको ढाँचा अनुसार कोषवाट व्यक्तिहरुलाई प्रस्ताव आव्हान गरिनेछ ।
- कोषले तयार गरेको कर्जा प्रस्तावको सूचना अनुसार वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई कर्जा प्रस्ताव आव्हान गर्नेछ ।
- प्राप्त प्रस्तावहरू ऋण लगानी गर्न कोषले छनौंट गरी स्वीकृत गर्नेछ ।
- कोषले बैंक, वित्तीय संस्थालाई बढीमा रु. ५ करोडसम्म र सहकारी संस्थालाई बढीमा रु. १ करोडसम्म कर्जा दिन सक्नेछ ।
- कोष र वित्तीय संस्था एवंम सहकारी संस्था बीच सम्झौता भएको रकमलाई कोषले वित्तीय संस्था एवंम सहकारी संस्थालाई पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५०% गरी  दुई किस्तामा  वा आवश्यकताको आधारमा एउटै किस्तामा उपलब्ध गराइनेछ ।
- आषय पत्र अनुसार वित्तीय संस्था एवंम सहकारी संस्थाले व्यक्तिलाई बढीमा रु.२ लाखसम्म कर्जा उपलब्ध गराउन सक्नेछ ।
- समूहगत लगानी गर्नको लागि बढीमा १५ जनाको समूहमा प्रतिव्यक्ति रु.२ लाखभन्दा नबढ्ने गरी वित्तीय संस्था एवंम सहकारी संस्थाले सामूहिक रु.३० लाखसम्म लगानी गर्न सक्नेछ ।
- कोषबाट संस्थाको खातामा जम्मा भएको मितिले व्यवसायको आधारमा बढीमा १ बर्षको ग्रेस अबधि दिइनेछ ।
- बैंक, वित्तीय संस्था र सहकारी संस्थाले परियोजनाको आधारमा कोषलाई बढीमा ५ बर्ष भित्र कर्जा भुक्तानी गरिसक्नु पर्नेछ ।
- वित्तीय संस्था र सहकारी संस्थाले कोषलाई त्रैमासिक किस्ता अनुसार साँवा र ब्याज  भुक्तानी गर्नु पर्नेछ ।
- १८ वर्ष पूरा भई ६० वर्ष सम्मका लक्षित नेपाली नागरिकहरु यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

## ५. ब्याजको दर र अनुदान

- कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुलाई वार्षिक ४% भन्दा नबढ्ने गरी कर्जा लगानी गर्नेछ ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले कोषको उदेश्य अनुसार व्यक्तिहरुलाई वार्षिक ८% भन्दा नबढ्ने गरी लगानी गर्नेछन् ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्था र कर्जाग्राहीको बीच भएको सम्झौता अनुसार कर्जाग्राहीले नियमित रुपमा किस्ता चुक्ता गरेपछि मात्र बुझाएको ब्याजको साठी (६०) प्रतिशतले हुन आउने रकम कोषले सम्बन्धित ऋणीलाई अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

## ६. वीमा

- युवा स्वरोजगार कर्जा लिएका व्यवसायीहरुको जीवन बीमा तथा स्वरोजगार कर्जाबाट सञ्चालित परियोजनाको एकमुष्ठ बीमा हुनेछ । बीमा गर्दा लाग्ने प्रिमयिम वापतको खर्च युवा स्वरोजगार कोष मार्फत नेपाल सरकारले भुक्तानी गर्नेछ ।
- बीमा गर्दा कोषले उपलब्ध गराएको बीमा प्रस्ताव फाराम तथा Online फाराम लगानी गर्ने संस्थाले पूर्ण रुपमा भर्नु पर्नेछ ।
- बीमा भएको व्यवसायीको बीमा अवधिमा मृत्यु भएमा तथा परियोजना क्षती भएमा बीमा समितिले नियमानुसार क्षतिपुर्ति उपलब्ध गराउने छ । जसका लागि घटना घटेपछि तोकिएको समयमै बीमा कम्पनीमा लिखित जानकारी गराई आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ ।

## ७. ऋण दुरुपयोग गर्नेलाई कारवाही

- जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिएको हो, सो वमोजिम कार्य नगरी ऋण दुरुपयोग गरेमा वा समयमा कर्जाको साँवा, ब्याज भुक्तानी नगरेमा प्रचलित कानुन वमोजिम ऋणीबाट साँवा, ब्याज असुल गरिनेछ ।
- कर्जा नतिर्ने सहकारीका पदाधिकारी, सदस्यहरु तथा कर्जाग्राहीहरुको नाम कर्जा सूचना केन्द्रमा राखी त्यस्ता संस्था तथा व्यक्तिको नामावली खराब ऋणीलाई हुने कारवाही हुने, बैंक खाता रोक्का गर्ने, चल अचल सम्पति रोक्का गर्ने, राहदानी नदिने, कालो सूचिमा राख्ने, निर्वाचनमा उम्मेदवार बन्न नपाउने लगायत सरकारले उपलब्ध गराउने सम्पूर्ण सेवाबाट वञ्चित गर्ने

जस्ता कारवाही गरिनेछ । यसका अतिरिक्त ऋणीको स्वामित्वमा रहेको जुनसुकै सम्पत्तिबाट समेत ऋण असुल उपर गर्न सकिनेछ ।

## ८. बजार व्यवस्था

- उत्पादित वस्तुहरु स्थानीयस्तरमै खपत हुन सकुन भन्ने अभिप्रायले स्थानीय बजारमा खपत हुने वस्तुहरु उत्पादन तथा बजारीकरणमा लगानी गर्न प्रोत्साहन गरिने छ ।

## ९. कोषबाट सञ्चालन भईरहेको कार्यक्रम : स्वरोजगार कर्जा कार्यक्रम

स्वरोजगार कर्जा कार्यक्रम कोषले स्थापनाकालदेखिनियमित रुपमा सञ्चालन गरिरहेको कार्यक्रम हो । हाल कोषले नियमितकर्जा लगानी गर्ने तरिकामा केहि परिवर्तन गरेको छ। यसभन्दा अगाडी कर्जा लगानी गर्दा बैंक, वित्तिय तथासहकारीलाई नै व्यवसायी छनौट गर्ने अधिकार रहेकोमा चालु आर्थिक वर्षबाटस्वारोजगार कोषलेनै व्यवसायी छनौट गरी बैंक, वित्तिय तथा सहकारीमार्फत कर्जा लगानी गर्ने कार्य सुरु गरेको छ। हाल सम्म स्वरोजगार कोषको लगानी र प्रगती विवरण देहाय वमोजिम छ।

| क्र.सं. | आ.व. | कार्य विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | स्वरोजगार संख्या (जना) | लगानी रकम (निकासा) रु. | अभिमूखीकरण तालिम (जना) | व्यवसाय र व्यवसायीको बीमा (जना) | ब्याज अनुदान निकासा रु. |
| १ | आ.व.०६५/६६ देखि ०७२/७३ सम्म | ३०९६२ | ३ अर्ब ८२ करोड ६७ लाख | ३३९४७ | २१३११ | ४८ लाख ६६ हजार ९८७ |
| २ | आ.व.०७३/७४ | ७५९५ | १ अर्ब ९ करोड ३६ लाख | ७१९८ | ४७८९ | १ करोड ७१ लाख आठ हजार ४८० |
| ३ | आ.व.०७४/७५ | १७०३९ | २ अर्ब ३५ करोड ८ लाख | १७०३९ | १४५७१ | ५ करोड ८० लाख ३१ हजार ५१८ |
| ४ | आ.व. ०७५/७६ | १२८४० | १ अर्ब ५२ करोड १८ लाख | १२८४० | ९१२९ | ४ करोड ५ लाख ९० हजार १४४ |
| ५ | आ.व. ०७६/७७ | ५२०२ | ७२ करोड ४८ लाख | ५२०२ | ५६९४ | ३९ लाख ७४ हजार १२६ |
| ६ | आ.व. ०७७/७८ | ३९९० | ११ करोड ८२ लाख | ३९९० | ९९८ | २ लाख ४० हजार |
| जम्मा | | ७७६२८ | ९ अर्ब ६३ करोड ५९ लाख | ७७६२८ | ५६४९२ | १२ करोड ४८ लाख ११ हजार २५५ |

## १०. कोषबाट सञ्चालन हुने नयाँ कार्यक्रम

### १०.१ सहकार्यमा आधारित साझेदारी कार्यक्रम

- स्थानीय श्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगार मूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि प्रदेश र स्थानीय तह अन्तर्गतका नगरपालिका, गाउँपालिकाहरु र समान उदेश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरुसँगसहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम मार्फत सुलभ व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशिलताको विकास मार्फत मुलुकभित्र स्वरोजगारका अवसर सिर्जना गर्न कोषले सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रमसञ्चालन गरी स्थानीय तहको स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।
- कोषले स्वरोजगार तथा रोजगार सृजना गर्नका लागि प्रदेश, नगरपालिका, गाउँपालिकासँग बढिमा ३.५ प्रतिशत ब्याज दरमा कर्जा लिनेछ । प्रदेश सरकार , नगरपालिका, गाउँपालिकासँग लिएको कर्जामा कोषले आवश्यकताको आधारमा रकम थप गरी सम्बन्धित प्रदेश, नगरपालिका, गाउँपालिकामा स्वरोजगार तथा रोजगार सृजना गर्न बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत कर्जा लगानी गर्नेछ ।

### १०.२. कोशी इकोनोमिक करिडोर कार्यक्रम

- विश्वमा मानव सभ्यता तथा वस्तीको विकास नदीको छेउछाउ, किनारबाट भएको पाईन्छ । भारतको ब्रम्हपुत्र, चीनको हवाङ्हो, अफ्रिकाको नाइल, दक्षिण अमेरिकाको अमेजन नदी आदि मानव सभ्यता विकास एवं आर्थिक समृद्धिका लागि ऐतिहासिक केन्द्रविन्दु मानिदै आएका छन् ।
- सप्तकोशी नदी तथा उक्त नदीमा सहायक नदीहरुका किनारको आसपास )नदी किनारबाट एक किलामिटर भित्र) मा नदीले छोएका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, उदयपुर, सप्तरी, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, सुनसरी गरी १७ जिल्लामा माछापालन, लोकल हाँस–कुखुरापालन, बंगुरपालन, बाखापालन, होमस्टे, ऱ्याफ्टीङ व्यवसाय, आलु खेती, केरा खेती, बगर खेती, गोलभेडा, अदुवाखेती, काउली, बन्दा, गाई भैंसीपालन, बेसार खेती आदि व्यवसायमा कर्जा उपलब्ध गराई स्वरोजगार कार्यकम संचालन गरिनेछ ।

### १०.३. भेरी-कर्णाली इकोनोमिक करिडोर कार्यक्रम

- भेरी-कर्णाली नदी किनारको आसपासका १७ जिल्लाहरु ( हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, सुर्खेत, जाजरकोट, अछाम, डोटी, बझाङ, बाजुरा, सल्यान, रुकुम पूर्व, रुकुम पशिचम, कैलाली तथा वर्दिया) मा तरकारी खेती, पशुपालन, पंक्षीपालन, फापर/काउनो खेती, माछापालन, राता चामल, फलपूल खेती, होमस्टे/होटल, ऱ्याफटिंग, अन्य स्थानीय व्यवसायआदि मार्फत स्वरोजगार सृजना गर्न महत्वपूर्ण कार्यक्रम हो ।

### १०.४. काठमाडौं उपत्यका स्वरोजगार कार्यक्रम

- काठमाडौंउपत्यकामा रहेका महानगरपालिका, नगरपालिका र समान उदेश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरुसँग समन्वय र साझेदारी गरी पार्क, चोक, गल्ली, सपिङ मल लगायतका ठाउँहरुमा ठेलागाडा (Street Cart)मा Fast Food,तरकारी तथा फलफुल, दुग्धजन्य उत्पादन बिक्रीआदिकार्यका लागि कर्जा उपलब्ध गराइनेछ ।

### १०.५. तराई-मधेश स्वरोजगार कार्यक्रम

- तराईका २१ जिल्ला (कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङ्ग, कपिलवस्तु, नवलपरासी, रुपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ्ग, झापा, उदयपुर) मा कोषले भकारी प्रविधियुक्त माछापालनमा लगानी गरी स्वरोजगारका अवसरहरु सिर्जना गरिनेछ । त्यसैगरी अटोरिक्सा, ठेलागाडामा दुग्धजन्य व्यवसाय, फलफुल, तरकारी, चटपटे, Fast Foodपसल लगायतका अन्य व्यवसाय र गाईभैंसीपालन आदि व्यवसायमा स्वरोजगारका अवसरहरु सृजना गर्ने प्रविधिमा लगानी गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्नकर्जा उपलब्ध गराइनेछ ।

### १०.६. अन्य स्वरोजगार कार्यक्रम

- कोषको कानूनी र वित्तिय सीमा भित्र रही देश भित्रका स्रोत साधन र श्रमको प्रयोग गरी आत्मनिर्भर जीवीका र अर्थतन्त्र निर्माणमा योगदान पुऱ्याउने जुनसुकै कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

## ११. सांगठानिक पुनरसंरचना

### ११.१ स्थानीय समन्वय तथा अनुगमन समिति

- कोषद्वारा सञ्चालित कार्यक्रमको समन्वय तथा अनुगमनको लागि प्रत्येक स्थानीय तहमा एक पाँच सदस्यीय स्थानीय समन्वय तथा अनुगमन समिति हुनेछ । जसमा सम्वन्धित स्थानीय तहका प्रमूख प्रशासकीय अधिकृत (अध्यक्ष), उद्यमशिलतामा क्रियाशिल युवामध्ये सम्वन्धित गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले तोकेको एक जना महिला र दलित सहित तीन जना सदस्य तथा स्वरोजगार सहजकर्ता सदस्य-सचिव रहनेछ

### ११.२ कर्जा असूली उप–समिति

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यक्रम स्थानीयस्तरमा प्रभावकारी ढङ्गले सञ्चालन गर्न ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा पाँच सदस्यीय **कर्जा असूली उप–समिति** रहने छ । उक्त समितिको सदस्य सचिव जिल्लास्थित असूली सहजकर्ता रहने छ ।
- उक्त समितिको कार्यालय जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानमा रहने छ । कर्जा असूली सहजकर्ताले स्वरोजगार कर्जा लिई व्यवसाय सञ्चालन गरिरहेका संस्था र व्यवसायीहरुको नियमित असूली, अनुगमन गरी सोको प्रतिवेदन कर्जा असूली उप–समिति तथा कोषको सचिवालयमा पेश गर्नु पर्नेछ

## १२. नीतिगत पुनर्संरचना

- स्वरोजगार कर्जा लिन चाहने व्यक्तिले स्वरोजगार Mobile App र स्वरोजगार कोषको Website मा रहेको अनलाईन पोर्टलमार्फत आशय पत्र भरी सिधै कर्जा माग गर्न सक्नेछन् ।
- व्यक्तिको परियोजना हेरी अधिकतम रु. २ लाख मात्र कर्जा दिने व्यवस्था भएकोमा आगामी आर्थिक वर्षबाट लागु हुने गरी रु. ५ लाखसम्म बनाइएको छ ।
- कोषले बैंक, वित्तीय संस्थालाई बढीमा रु. ५ करोडसम्म र सहकारी संस्थालाई बढीमा रु. १ करोडसम्म कर्जा दिन सक्नेछ ।
- हरेका जिल्लामा एक असुली उपसमिति गठन गरिएको छ ।
- सहुलियतपुर्ण कर्जा १८ वर्ष पूरा भई ५० वर्ष ननाघेका नेपाली बेरोजगारलाई लक्षित रहेकोमा अहिले अधिकतम उमेर ६० वर्ष पुऱ्याइएको छ ।
- हरेक स्थानीय तहमा एक स्थानीय समन्वय तथा अनुगमन समिति गठन गरिनेछ ।
- स्वरोजगार/रोजगार सिर्जना गर्न सक्ने संघसंस्थासँग सहकार्य/साझेदारी गरी कार्यक्रम अगाडि बढाइएको छ ।
- संघ, प्रदेश र स्थानीय सरकारसँग साझेदारीमा आधारित कर्जा लगानी गरी स्वरोजगार बनाउन सक्नेछ ।
- साझेदारीमा अधारित कार्यक्रमको लागि छुट्टै खाता खोली कार्यक्रम सञ्चालन गरिनेछ ।
- कोषले सहुलियतपूर्ण कर्जा सापट लिँदा ३.५ प्रतिशतमा लिएर ४ प्रतिशत मा बैंक, वित्तीय तथा सहकारी संस्थालाई कर्जा उपलब्ध गराउँछ । उक्त ०.५ प्रतिशत रकम युवा स्वरोजगार कोषले संस्थागत विकासमा खर्च गर्न सक्नेछ ।

## १३. नीतिगत वकालत

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली मार्फत मात्र सञ्चालन भएको हुनाले छिट्टै ऐनमार्फत सञ्चालन गर्नुपर्ने ।
- हालसम्म कोषले बैंक, वित्तीय तथा सहकारी संस्थालाई चार प्रतिशत ब्याजदरमा सहुलियतपुर्ण कर्जा उपलब्ध गराउने र ती संस्थामार्फत आठ प्रतिशत ब्याजदरमा व्यक्ति तथा समूहलाई उपलब्ध गराउने व्यवस्था छ । यसको साटो स्वरोजगार कोषले आफ्नै संरचना खडागरी लगानी गराउने हो भने कर्जाग्राहीलाई पनि ब्याजदरको भार कम हुने तथा कोषको सांगठनिक देखि मानवसंसाधनलाई व्यवस्थापन गर्न सहज हुन्छ ।

- नेपालमा सहुलियत कर्जामार्फत रोजगार तथा स्वरोजगार सिर्जना गर्न स्थापना भएका संघसंस्थाहरुलाई एकद्वार प्रणालीबाट कर्जा लगानी गर्दा एकै व्यक्तिले धेरै कर्जा सुविधा लिने अवस्थाको अन्त्य हुन्छ ।
- अनुदानमा आधारित कार्यक्रमलाई न्यूनीकरण गर्दै सहुलीयतपूर्ण कर्जामा आधारित कार्याक्रमहरु सञ्चालन गर्न सकेमा बेरोजगारी न्यूनीकरण गर्न सहयोग पुग्न सक्नेछ ।
- विप्रेषणलाई उत्पादनमूखी कार्यमा लगानी गर्ने आधार सिर्जना गर्ने योजना निर्माणमा ध्यान दिनु पर्ने ।
- योजना तर्जुमा गर्दा स्वरोजगार सिर्जना गर्ने खालका कार्यक्रममा लक्षित हुनुपर्ने ।
- घरजग्गामाभन्दा उत्पादनमूखी अर्थतन्त्रलाई प्रोत्साहित गर्नेखालका नीति तर्जुमा माध्यम दिनुपर्ने ।
- नाफामूखी रहेका बैंक वित्तीय संस्था मार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुको साटो कल्याणकारी वा सेवामुलक संघसंस्थामार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँदा कर्जाग्राही बढी लाभान्वित हुनु ।
- बिपन्न वर्ग लक्षित सहुलियतपूर्ण कर्जा प्रवाह हुने संयन्त्र सहज, सरल र सुलभ हुने तर्फ ध्यान दिनु पर्ने ।